# आकाशवाणी समाचार- नेपाली
## मितिः १५ मई २०२६
## समयः ०७:२५ – ०७:३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले यस वर्ष भारतको अध्यक्षतामा ब्रिक्सले बहुपक्षीयतालाई सुदृढ पार्न, दिगो विकासलाई प्रवर्द्धन गर्न, आर्थिक लचिलोपन बढाउन र थप समावेशी विश्वव्यापी व्यवस्था निर्माण गर्न सामूहिक रूपमा काम गर्ने बताउनु भएको छ।

२. प्रधानमन्त्री नरेन्द्र मोदी आज युएई, नेदरल्याण्ड्स, स्वीडेन, नर्वे र इटालीको छ दिने भ्रमणका लागि प्रस्थान गर्नु हुनेछ।

३. रक्षामन्त्री राजनाथ सिंह आज आन्ध्र प्रदेशको श्री सत्य साई जिल्लाको पुट्टपार्थीमा धेरै एयरोस्पेस र रक्षा परियोजनाहरूको शिलान्यास समारोहमा भाग लिनुहुनेछ।

४. आगामी निट परीक्षालाई सहज र प्रभावकारी ढंगले सञ्चालन गर्न नीट परीक्षा को तयारीको समीक्षा गर्न शिक्षामन्त्री धर्मेन्द्र प्रधानको निवासमा उच्चस्तरीय बैठक बसेको छ।

५. उत्तर प्रदेशमा विगत ३६ घण्टामा वर्षा, आँधीबेहरीका घटनाहरूका कारण १११ जनाको मृत्यु र २०० जना घाइते भएको बताएको छ।

**ब्रिक्सका विदेशमन्त्रीहरूको बैठक**

प्रधानमन्त्री नरेन्द्र मोदीले यस वर्ष भारतको अध्यक्षतामा ब्रिक्सले बहुपक्षीयतालाई सुदृढ पार्न, दिगो विकासलाई प्रवर्द्धन गर्न, आर्थिक लचिलोपन बढाउन र थप समावेशी विश्वव्यापी व्यवस्था निर्माण गर्न सामूहिक रूपमा काम गर्ने बताउनु भएको छ। नयाँ दिल्लीमा ब्रिक्स देशका विदेशमन्त्रीहरू र प्रतिनिधिमण्डलका प्रमुखहरूसँगको आफ्नो अन्तरक्रियाको क्रममा श्री मोदीले विकासशील देशहरूबीच सहयोगलाई बढावा दिन र ग्लोबल साऊथको आकांक्षा पूरा गर्न ब्रिक्स एक महत्त्वपूर्ण प्लेटफर्मको रूपमा देखा परेको बताउनु भएको छ। यी अन्तरक्रियाहरू नयाँ दिल्लीमा जारी ब्रिक्सका विदेशमन्त्रीहरूको बैठकको अवसरमा भएका थिए। यसअघि ब्रिक्सका विदेशमन्त्रीहरूको बैठकलाई सम्बोधन गर्नु हुँदै विदेशमन्त्री डा. एस. जयशंकरले शान्ति र सुरक्षा विश्वव्यापी व्यवस्थाको मूलमा रहेको बताउनु भयो। उहाँले हालैका युद्धहरूले संवाद र कूटनीतिको महत्त्वलाई जोड दिएको उल्लेख गर्नु भयो।

**बाइट**

यस बैठकमा भाग लिने विदेश मन्त्रीहरूमा ब्राजिलका विदेशमन्त्री मौरो भिएरा, रुसका विदेशमन्त्री सर्गेई लाभ्रोभ, इरानका विदेशमन्त्री सय्यद अब्बास अराक्ची, इन्डोनेसियाका विदेशमन्त्री सुगियोनो, मलेसियाका विदेशमन्त्री दातो' सेरी उतामा मोहम्मद बिन हाजी हसन, युएईका विदेश राज्यमन्त्री खलिफा शाहीन अल मारार र दक्षिण अफ्रिकाका विदेशमन्त्री रोनाल्ड लामोला रहेका छन्। बैठकको क्रममा ब्रिक्स सदस्य देशका विदेश मन्त्रीहरूले आपसी हितका विश्वव्यापी र क्षेत्रीय मुद्दाहरूमा विचार आदान प्रदान गर्नेछन्। यस सम्मेलनको विषयवस्तु 'लचिलोपन, नवप्रवर्तन, सहयोग र दिगोपनको लागि निर्माण' हो। यो प्रधानमन्त्री नरेन्द्र मोदीको 'मानवता सर्वोपरि' र 'जन-केन्द्रित' दृष्टिकोणबाट प्रेरित छ।

**प्रधानमन्त्री – युएई यात्रा**

प्रधानमन्त्री नरेन्द्र मोदी आज संयुक्त अरब इमिरेट्स (युएई), नेदरल्याण्ड्स, स्वीडेन, नर्वे र इटालीको छ दिने भ्रमणका लागि प्रस्थान गर्नु हुनेछ। पाँच देशको यस भ्रमणको पहिलो चरणमा श्री मोदी आज युएई पुग्नु हुनेछ जहाँ उहाँले राष्ट्रपति शेख मोहम्मद बिन जायद अल नाह्यानसँग भेट गर्ने कार्यक्रम छ। दुई नेताहरूले द्विपक्षीय मुद्दाहरू विशेष गरी ऊर्जा सहयोग साथै पारस्परिक हितका क्षेत्रीय र अन्तर्राष्ट्रिय मामिलाहरूमा छलफल गर्नु हुनेछ। भ्रमण अघि मिडियासँग कुरा गर्नु हुँदै विदेश मन्त्रालयमा पश्चिमी देशहरुको मामिला सचिव असिम महाजनले ऊर्जा दुई देशहरूबीचको सम्बन्धको प्रमुख स्तम्भ भएको बताउनु भएको छ। उहाँले उल्लेख गर्नु भयो, गत वर्ष युएई भारतको कच्चा तेलको चौथो ठूलो स्रोतको रूपमा देखा परेको छ, जसले भारतको आवश्यकताहरूको लगभग ११ प्रतिशत पूरा गर्दछ।

**बाइट**

प्रधानमन्त्री श्री मोदीको संयुक्त अरब इमिरेट्सको आठौं भ्रमणको अवसरमा युएईका लागि भारतका राजदूत दीपक मित्तलले भन्नु भयो, यो भ्रमण यस्तो मोडमा भइरहेको छ जब यो क्षेत्र अभूतपूर्व विकासको साथै महत्त्वपूर्ण चुनौतीहरूको अवधिबाट गुज्रिरहेको छ। प्रधानमन्त्रीको यो भ्रमणले ऊर्जा सुरक्षा, लगानी, प्रविधि र रणनीतिक साझेदारी लगायत प्रमुख क्षेत्रहरूमा दुई पक्षहरूबीचको द्विपक्षीय सम्बन्धलाई अझ बलियो बनाउने अपेक्षा गरिएको छ।

**राजनाथ सिंह – आन्ध्र प्रदेश**

रक्षामन्त्री राजनाथ सिंह आज आन्ध्र प्रदेशको श्री सत्य साई जिल्लाको पुट्टपार्थीमा धेरै एयरोस्पेस र रक्षा परियोजनाहरूको शिलान्यास समारोहमा भाग लिनुहुनेछ। रक्षा मन्त्रालयले एयरोनटिकल विकास एजेन्सीको एयरक्राफ्ट एकीकरण र उडान परीक्षण केन्द्रको शिलान्यास गर्ने बताएको छ। विमान एकीकरण, परीक्षण, प्रमाणीकरण र प्रमाणीकरणको लागि यो सुविधाले उन्नत मध्यम लडाई विमान कार्यक्रमको विकासलाई गति दिनेछ। रक्षामन्त्रीले अनकापल्ली जिल्लाको टी. सिरसापल्ली गाउँमा भारत डायनामिक्स लिमिटेडको नयाँ, अत्याधुनिक नौसेना प्रणाली निर्माण सुविधाको शिलान्यास पनि गर्नु हुनेछ। आन्ध्र प्रदेशका मुख्यमन्त्री एन. चन्द्रबाबु नायडू पनि यस कार्यक्रममा उपस्थित हुनु हुनेछ।

**प्रधान-नीट बैठक**

आगामी राष्ट्रीय पात्रता सह प्रवेश परीक्षा नीटको तयारीको समीक्षा गर्न हिजो साँझ शिक्षामन्त्री धर्मेन्द्र प्रधानको निवासमा उच्चस्तरीय बैठक बसेको थियो। बैठकमा निट परीक्षालाई सहज र प्रभावकारी ढंगले सञ्चालन गर्ने विभिन्न पक्षहरूको बारेमा विस्तृत छलफल गरिएको थियो। बैठकमा उच्च शिक्षा सचिव, विद्यालय शिक्षा सचिव, राष्ट्रिय परीक्षण एजेन्सीका महानिर्देशक, सीबीएसईका अध्यक्ष, केन्द्रीय विद्यालय संगठन र नवोदय विद्यालय समितिका आयुक्तहरू लगायत वरिष्ठ अधिकारीहरूको उपस्थिति थियो।

**युरोपेली संघ - मत्स्य पालन उत्पादनहरू**

युरोपेली संघले माछा उत्पादनहरूको निरन्तर निर्यातको लागि भारतलाई आफ्नो संशोधित मस्यौदा सूचीमा समावेश गरेको छ। वाणिज्य तथा उद्योग मन्त्रालयले भनेको छ, अघिल्लो नियमन अन्तर्गत भारत सेप्टेम्बर २०२६ देखि युरोपेली संघमा मानव उपभोगको लागि लक्षित पशु उत्पादनहरू निर्यात गर्न अधिकृत देशहरूमध्ये एक थिएन। यी नियमहरू अनुसार युरोपेली संघमा निर्यात गरिएका जनावरहरू र पशु उत्पादनहरू वृद्धि प्रवर्द्धनका लागि एन्टिमाइक्रोबियल औषधिहरूको प्रयोगबाट मुक्त हुनुपर्छ साथै मानव उपचारात्मक प्रयोगको लागि आरक्षित एन्टिमाइक्रोबियल औषधिहरू पनि प्रयोगबाट मुक्त हुनुपर्छ।भारतीय समुद्री उत्पादनहरू ठूलो मात्रामा युरोपेली संघमा निर्यात गरिन्छ।

**सुन – आयात**

सरकारले अग्रिम प्राधिकरण योजना अन्तर्गत सुन आयातमा १०० किलोग्रामको सीमा तोकेको छ। यस योजनाले आभूषण निर्यातकर्ताहरूलाई शून्य शुल्कमा कच्चा पदार्थ आयात गर्न अनुमति दिन्छ। एक सार्वजनिक सूचनामा विदेश व्यापार

महानिर्देशनालयले भनेको छ, यस योजना अन्तर्गत निर्यातकर्ताहरूले एक पटकमा अधिकतम १०० किलोग्राम सुन कुनै शुल्कबिना नैआयात गर्न सक्छन्।

महानिर्देशनालयले पहिलो पटक आवेदकहरूको सञ्चालन स्थिति र क्षमता निश्चित गर्न उत्पादन प्लान्टहरूको भौतिक निरीक्षण अनिवार्य गरेको छ। यसले थप व्यवस्था गरेको छ, पछिको शुल्कमुक्त सुन आयातको लागि योग्य हुन, कम्पनीले आफ्नो अघिल्लो निर्यात लक्ष्यको कम्तिमा ५० प्रतिशत पूरा गर्नुपर्छ। पारदर्शिता सुनिश्चित गर्न क्षेत्रीय कार्यालयहरूले यस सम्बन्धी मासिक प्रतिवेदन निर्देशनालयमा पेश गर्न आवश्यक छ। पहिले यस योजना अन्तर्गत सुन आयातमा कुनै सीमा थिएन।

**सीबीआई – रिलायन्स कम्युनिकेसन्स**

अनिल धीरुभाई अम्बानी एडीए समूहभित्रका कम्पनीहरूमध्ये एक रिलायन्स कम्युनिकेसन्स लिमिटेड विरुद्ध दर्ता भएको मुद्दाको सम्बन्धमा केन्द्रीय अनुसन्धान ब्यूरो सीबीआईले मुम्बई, गुरुग्राम र बेंगलुरुमा अवस्थित सात परिसरहरूमा तलासी गरेको छ। एक विज्ञप्ति अनुसार यी तलासीहरू २०१५ देखि २०१७ सम्म कम्पनीमा सेवा गरिरहेका तत्कालीन प्रमुख कार्यकारी अधिकारी, प्रमुख वित्तीय अधिकारी र निर्देशकहरूको निवासमा गरिएको थियो।

**ईडी - एसआरएमएफ मामला**

प्रवर्तन निर्देशनालय ईडीले राष्ट्रिय राजधानी दिल्ली र वरपरका क्षेत्रहरूमा एक सिन्डिकेट विरुद्ध खोजी अभियान चलायो। संलग्न व्यक्तिहरूमाथि कागजातहरूसँग छेडछाड गरेको र पदाधिकारीको रूपमा काम गर्दै स्पिरिचुअल रीजनरेशन मूवमेंट फाउंडेशन ऑफ इंडियासँग सम्बन्धित प्रमुख सम्पत्तिहरू अवैध रूपमा बेचेको आरोप छ। यो मुद्दा करोडौं रुपियाँको जालसाजीपूर्ण जमीन लेनदेनसँग सम्बन्धित छ।

**उत्तर प्रदेश मौसम - मृत्यु**

उत्तर प्रदेशमा विगत ३६ घण्टामा वर्षा, आँधीबेहरी र चट्याङका घटनाहरूका कारण १११ जनाको मृत्यु भएको र २०० जना घाइते भएको बताएको छ। मुख्यमन्त्री योगी आदित्यनाथले जिल्ला अधिकारीहरू र सम्बन्धित अधिकारीहरूलाई तुरुन्तै प्रभावित स्थलहरूको भ्रमण र मूल्याङ्कन गर्न निर्देशन दिनु भएको छ। उहाँले क्षतिपूर्ति सम्बन्धी प्रत्येक तीन घण्टामा प्रदान गर्न पनि निर्देशन दिनु भएको छ।

**मौसम**

मौसम विभागले आज अंडमान र निकोबार द्वीप समूह, अरुणाचल प्रदेश, असम, मेघालय, केरलम, माहे र दक्षिण आंतरिक कर्नाटकमा मेघ गर्जनको साथ बर्षा हुने संभावना व्यक्त गरेको छ । पश्चिम बंगालमा हिमालयको तराई क्षेत्रहरु , सिक्किम, तमिलनाडु, पुडुचेरी र कराईकलमा पनि यस्तै स्थिति रहने संभावना छ । दिल्ली, आंध्र प्रदेश, बिहार, छत्तीसगढ़, हरियाणा, चंडीगढ़, जम्मू-कश्मीर, लद्दाख, गिलगित, बाल्टिस्तान र मुजफ्फरबादमा पनि बिजुली चम्किने र तीब्र हवा चलने मौसम विभागले अनुमान व्यक्त गरेको छ |